महाभारत गाउँपालिका

# योजना तर्जुमा र कार्यान्वयन तथा सेवा प्रवाहमा पारदर्शिता,जवाफदेहिता तथा प्रभावकारिता प्रवर्द्धन सम्बन्धि समिक्षात्मक गोष्ठी, २०८१

## पृष्ठभुमी

मिति २०८१।०८।२२ र २३ गते महाभारत गाँउकार्यपालिकाको कार्यालयको सभाहलमा **योजना तर्जुमा र कार्यान्वयन तथा सेवा प्रवाहमा पारदर्शिता,जवाफदेहिता तथा प्रभावकारिता प्रवर्द्धन सम्बन्धि समिक्षातमक गोष्ठी** संचालन भएको थियो । आ.व.०८१।८२ मा महाभारत गाउँपालिका तथा प्रदेश सरकार र संघ सरकारबाट विनियोजित बजेट तथा कार्यक्रमको कार्यान्वयन तथा कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवाको सन्दर्भमा यस गाउँपालिकाका विभिन्न वडाका पदाधिकारीहरु र कर्मचारीहरुलाई उक्त विषयप्रति जानकारी तथा कार्यक्षमता अभिवृद्धि गर्ने सन्दर्भमा उल्लेखित कार्यक्रम महाभारत गाउँपालिकाको योजना तथा प्रशासन शाखाको सहकार्य तथा समन्वयमा आयोजना गरिएको थियो । उक्त अन्तरक्रियात्मक तथा सविक्षात्मक गोष्ठीको २ दिनको अवधिमा विभिन्न प्रशिक्षकहबाट योजनाको अर्थ, महत्व, छनौट प्रक्रिया तथा कार्यान्वयन र समग्र सेवा प्रवाहलाई कसरी चुस्त दुरुस्त र सहज रुपमा प्रवाह गर्ने सो सम्बन्धी समस्या र चुनौतिहरु माथि आफ्नो प्रस्तुति दिनु भयो । समग्रमा, उक्त अन्तरक्रियात्मक गोष्ठी सहभागीहरुको उत्साहजनक सक्रिय सहभागितामा उपलब्धिमूलक, प्रभावकारी र सफल रुपमा सम्पन्न भयो ।

## उदेश्य

१) योजना तर्जुमा तथा कार्यान्वियनको प्रक्रिया, सम्भावित जटिलता र चुनौतिमाथि छलफल गर्नु

२) योजना सम्झौता र अन्तिम भुक्तानीको आवश्यक कागजातहरुको व्यवस्थित फाइलिङ गर्नु

३) सेवा प्रवाहलाई पारदर्शी जवाफदेही र प्रभावकारी बनाउन आवश्यक विषयमाथि छलफल गर्नु ।

## कार्यक्रम विवरण

### कार्यक्रमको पहिलो दिन मिति ०८१।८।२२ गते

योजना तर्जुमा र कार्यान्वयन तथा सेवा प्रवाहमा पारदर्शिता,जवाफदेहिता तथा प्रभावकारिता प्रवर्द्धन सम्बन्धि अन्तरक्रिया गोष्ठीको पहिलो दिन मिति ०८१।८।२२ गते मध्यान्न १२ बजे कार्यक्रको सहजकर्ता म , श्री खिल बहादुर आले मगरबाट कार्यक्रमको उद्घाटन शत्रमा औपचारिक रुपमा कार्यक्रम संचालन गरी कार्यक्रमको रुपरेखा सम्बन्धि सम्पूर्ण जानकारी गराइयो । साथै कार्यक्रम सहयागी पवन माझीले कार्यक्रमको लागि आवश्यक सामाग्रीहरुको व्यवस्था गर्नुभएको थियो ।

कार्यक्रमको पहिलो सेसनमा प्रमुख प्रशासकीय अधिकृत श्री हरि सिंह विष्टबाट **सेवा प्रवाह सम्बन्धी निर्देशन तथा समन्वयमा सेवा प्रवाहको अवस्था, कर्मचारीहरुको सेवा प्रवाह प्रति जवाफदेहिता साथै आचारसंहिता माथि निर्देशन दिई कार्यसम्पादनमा सहजीकरण गर्न अनुरोध सहित आफ्नो प्रस्तुती** दिई सरोकारवालाहरुलाई सजक बन्न अनुरोध गरिएको थियो ।

कार्यक्रमको दोस्रो सेसनमा प्रशासन शाखा प्रमुख अधिकृत श्री दिनेश बस्नेतबाट सार्वजनिक **सेवा प्रवाह सम्बन्धमा दर्ता चलानी र अभिलेखिकरण साथै मासिक तथा त्रैमासिक प्रतिवेदन तयारी र सूचना सम्बन्धी अन्तरकियात्मक छलफल गरी सेवा प्रवाहको अवस्था, कर्मचारीहरुको सेवा प्रवाह प्रति जवाफदेहिता साथै आचारसंहिता माथि निर्देशन दिई कार्यसम्पादनमा सहजीकरण गर्न अनुरोध सहित आफ्नो प्रस्तुती** दिई सरोकारवालाहरुलाई सजक बन्न अनुरोध गरिएको थियो ।

CamScanner

कार्यक्रमको तेस्रो तथा अन्तिम सेसनमा योजना शाखा प्रमुख श्री दिनेश बस्नेतबाट वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनको चरणमा समिति दर्ता सम्बन्धी नीतिगत व्यवस्था र प्रक्रियाका बारे प्रस्तुती दिदै **योजना सम्झौताको प्रक्रिया** र सो को लागि आवश्यक कागजातहरुको नमुना, वैधता र प्रमाणिकरण, ढाँचा सम्बन्धि अन्तरक्रियात्मक छलफल र अभ्यास गरी क्रमागत रुपमा व्यवस्थित फाइलिङ गर्ने तरिका बारे सुस्पष्ट पार्नु भएको थियो । उक्त सेसनमा कार्यक्रम सहयोगी पवन माझी र सन्ध्या माझीले अभ्यासको लागि आवश्यक अनुसूचीहरु तथा सामाग्रीहरुको सहजीकरण गर्नुभएको थियो ।

**कार्यक्रमको दोस्रो दिन मिति ०८१।८।२३ गते**

कार्यक्रमका पहिलो सेसनमा योजना प्रमुख श्री दिनेश बस्नेतले **योजनाको कार्यान्वयनमा आवश्यक सार्वजनिक परीक्षण सम्बन्धी** आवश्यक कागजातहरुको नमुना, वैधता र प्रमाणिकरण, ढाँचा सम्वन्धि अन्तरक्रियात्मक छलफल र अभ्यास गरी क्रमागत रुपमा फाइलिङ गर्ने तरिका बारे जानकारी गराउनु भएको थियो ।

कार्यक्रमको दोस्रो सेसनमा महाभारत गाउँकार्यपालिकाको कार्यालयको प्राविधिक शाखा प्रमुख श्री प्रकाश खड्काले आफ्नो कार्यपत्रमा योजना कार्यान्वयनमा आवश्यक **योजनाको लागत अनुमान तथा मुल्यांकन** सम्बन्धि जानकारी गराउँदै उपभोक्ता समितिहरुलाई कार्यालयको तर्फबाट उपलब्ध गराउनु पर्ने आवश्यक निर्देशन तथा कागजातहरु माथि प्रष्ट पार्नु भयो ।

केही समयको विश्राम पछि शुरु भएको कार्यक्रमको तेस्रो सेसनमा कार्यपालिका सदस्य तथा सामाजिक विकाश शाखाका संयोजक श्री रमेश कुमार लुंगेलीले वडा कार्यालयबाट प्रवाह हुने विभिन्न सेवाहरुको प्रकृति तथा प्रक्रियाहरुको बारे जानकारी दिनुहुँदै समग्र सेवा प्रवाहमा पारदर्शिता ,जवाफदेहिता तथा प्रभावकारिता प्रवर्द्धन कायम गर्न अपनाउनु पर्ने प्रक्रियामा जोड दिदै आफ्नो प्रस्तुतीकरण राख्नु भयो ।

कार्यक्रमका चौथो सेसनमा योजना प्रमुख श्री दिनेश बस्नेतले **योजनाको कार्यान्वयनको आवश्यक भाग अन्तिम भुक्तानी** सम्बन्धि आवश्यक कागजातहरुको नमुना, वैधता र प्रमाणिकरण, ढाँचा सम्वन्धि अन्तरक्रियात्मक छलफल र अभ्यास गरी क्रमागत रुपमा फाइलिङ गर्ने तरिका बारे जानकारी गराउनु भएको थियो ।

कार्यक्रमको दोस्रो दिनको समापन शत्रमा कार्यक्रको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृत श्री हरि सिंह विष्टले गर्नुभएको थियो । उक्त शत्रमा सहभागीहरुको पृष्ठपोषण, राय, सुझावहरु लिए पछि प्रमुख प्रशासकीय अधिकृत श्री हरि सिंह बिष्टबाट कार्यक्रमको समिक्षा गर्दै समापन भएको थियो ।

**निष्कर्ष**

महाभारत गाउँपालिकाको योजना तथा प्रशासन शाखाको सहकार्य तथा समन्वयमा आयोजित योजना तर्जुमा र कार्यान्वयन तथा सेवा प्रवाहमा पारदर्शिता,जवाफदेहिता तथा प्रभावकारिता प्रवर्द्धन सम्बन्धि अन्तरक्रिया गोष्ठी वडाका अध्यक्ष, कर्मचारीहरु , शाखागत कर्मचारीहरुको सक्रिय सहभागिता र पृष्टपोषण सहित प्रभावकारी तथा उपलब्धिमूलक रुपमा सम्पन्न भएको थियो ।

.................

खिल बहादुर आले मगर

प्रतिवेदक, कार्यक्रम सहजकर्ता